२०८१ पुस २४ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ७ /२०८१/०८२

आज मिति २०८१ पुस २४ गते बुधबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिल:*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थिति:*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

२०८१ पुस २४ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ७ /२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. सिस्ने गाउँपालिका अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाहको समिक्षा

३. लैङ्गिक समानता र सामाजिक समावेशिकरण अडिट प्रतिवेदनमा छलफल

४. आँखा अस्पतालसँगको सम्झौता निरन्तरता नगर्ने

५. LISA को प्रतिवेदन माथि छलफल

**निर्णय नं. १,**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २,**

सिस्ने गाउँपालिका अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाहको समिक्षा गरियो । सार्वजनिक सेवालाई अझै पारदर्शी, जनमैत्री एवं प्रभावकारी बनाउन शाखागत सक्रियता बढाउने र कार्यापालिकाका विषयगत समितिहरुले अध्ययन गरी शाखा प्रमुख एवै सबै कर्मचारीलाई आवश्यक सुझाव प्रदान गर्ने ।

**निर्णय नं. ३,**

लैङ्गिक समानता र सामाजिक समावेशिकरण (GESI) अडिट प्रतिवेदनमा छलफल गरियो । लैङ्गिक समानता र सामाजिक समावेशिकरण (GESI) का सूचकमा सुधार गर्न आवश्यक नीति अवलम्बन गर्ने ।

**निर्णय नं. ४,**

मिति २०७६ साल बैशाख २७ गते राप्ती आँखा अस्पताल व्यवस्थापन समिति र यस सिस्ने गाउँपालिका बीच सिस्ने गाउँपालिका वडा नं ५ मा प्राथमिक आँखा उपचार केन्द्र सञ्चालन गर्ने सम्झौता भए बमोजिम यस पालिकाले उक्त आँखा उपचार केन्द्रलाई नियमित रुपमा आर्थिक अनुदान प्रदान गरेको छ ।यस पालिकाको केन्द्रमा स्थित जिल्ला अस्पतालमा आँखा उपचार सेवा सुचारु भएकाले अव उप्रान्त यस पालिकामा प्राथमिक आँखा उपचार केन्द्रको आवश्यकता नदेखिएकोले आगामी आर्थिक वर्ष देखि लागू हुनेगरी उक्त सम्झौतालाई निरन्तरता नदिने व्यहोराको पत्र राप्ती आँखा अस्पताल व्यवस्थापन समिति दाङलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५,**

सिस्ने गाउँपालिकाको आ.व. २०८०/०८१ को LISA को प्रतिवेदन माथि छलफल गरियो ।प्रतिवेदनलाई यथासम्भव छिटो सार्वजनिक गर्ने ।

रेवत बहादुर बढायोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष